बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

फोन नं.: ०४९-४२११११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np

चरिकोट, दोलखा

पत्र सङ्ख्या:- २०८२/०८३

चलानी नं.:- १५५

मितिः २०८२/०८/०७

श्री स्थानीय तहहरु सबै,
दोलखा जिल्ला ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न राखि पठाइएको छ। उक्त सूचनालाई तहाँ कार्यालयको सूचना पाटी, वडा कार्यालय र सरोकारवाला किसानहरुलाई जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

२०८२।८।८

(डा. टेक राज पौडेल)
वरिष्ठ पशु विकास अधिकृत
कार्यालय प्रमुख

डा. टेक राज पौडेल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## प्रस्ताव आवह्‍ान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०८/०४**

**सूचना नं.-०२**

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको ३० दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| क्र.स | कार्यक्रमको नाम | इकाई | परिमाण | आवेदक | कार्यविधि |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रम (दुग्ध उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित) (मिल्किङ्ग मेशिन,चिलिङ्ग भ्याट, साइलेज बनाउने मेशिन, मिल्क एनालाइजर, खुवा बनाउने मेशिन, बटर चर्नर, आईसक्रिम मेशिन, छुर्पि बनाउने मेशिन, क्रिम सेपरेटर, डि.फ्रिज) | पटक | १ | कृषक समूह, दूधको कारोवार गर्ने सहकारी संस्था, निजी कृषि फर्म, कृषि उधद्मी | एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |

पेश गर्नुपर्ने कागजातहरुको विवरणः

- रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-१८ बमोजिमको निवेदन
- अनुसुचि-४ बमोजिमको कार्ययोजना
- अनुसुचि-५ बमोजिमको स्वघोषणा पत्र
- अनुसुचि-६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा
- आवेदकले अनुसुचि-१९ बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको प्रमाण खुल्ने कागजात
- आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकताको प्रतिलिपि
- आवेदकको प्यान, भ्याट प्रमाण पत्रको प्रतिलिपि
- गत आ.वको लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी वा अन्य कुनै प्रमाणित कागज
- कृषक समुह/सहकारी संस्थाको हकमा गत आ.ब.को साधरण सभाको बैठक निर्णयको प्रतिलिपी
- जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम ५(पाँच)वर्षको करार सम्झौता पत्र
- सम्बन्धीत स्थानीय तहको सिफारिस
- कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समुह/सहकारी संस्थाले प्रोत्साहन अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको प्रमाण पत्र

सुशील के.सी.
निर्देशक

नोटः- थप जानकारीको लागी प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ वा देवराज पराजुली (९८४१४३२१६९) मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट एकीकृत पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## प्रस्ताव आवह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०८/०२**

**सूचना नं.-०१**

प्रदेश दुग्ध विकास बोर्डद्धारा आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा सामुदायिक साईलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम रहेको हुँदा इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी अनुसूची-०२ बमोजिमको आवेदन पत्र, अनुसूची-६ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिमको स्वघोषणा पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम संचालन हुने स्थानको नक्सा, अनुसूची-३ बमोजिमको कागजातहरु, सूचनामा माग गरिएको कागजातहरु सिलबन्दी गरी बोर्डमा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।साथै रित नपुगेका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नगरिने व्यहोरा जानकारी गराईन्छ।

सुशील के.सी.
निर्देशक

नोटः- थप जानकारीको लागी प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ वा देवराज पराजुली (९८४१४३२१६९) मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।